नेरेसो
# रेडक्रस
समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक ७ | २०८० फागुन | Feb/March 2024

## जुनियर तथा युवा रेडक्रसको ५९औं स्थापना दिवस विशेष कार्यक्रम गरी मनाइयो






काठमाडौं, फागुन २२ गते। नेपाल रेडक्रस सोसाइटी जुनियर तथा युवा रेडक्रसको ५९औं स्थापना दिवस **"विश्वव्यापी रुपमा अभिप्रेरित, स्थानीयरुपमा सशक्तिकृत : जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा"** भन्ने मूल नाराका साथ देशव्यापी रूपमा मनाइएको छ।

यसै उपलक्ष्यमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी मनाइयो। उक्त कार्यक्रममा प्रदेश तथा जिल्ला तहबाट भर्चुअल रूपमा सहभागिता रहेको थियो। रेडक्रसका युवा स्वयंसेवकहरूको सक्रियता र व्यवस्थापनमा सञ्चालित सो कार्यक्रमको उद्घाटन युवा स्वयंसेवकहरू रविना चौलागाईं र सुरजकुमार सिंहले संयुक्त रूपमा गर्नुभएको थियो।

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं राष्ट्रिय जुनियर युवा समितिका संयोजक विष्णुराज नेपालको सभापतित्वमा भएको सो कार्यक्रममा सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपाल प्रमुख अतिथि रहनुभएको थियो।

कार्यक्रममा बोल्दै सोसाइटीका अध्यक्ष प्राध्यापक नेपालले रेडक्रसमा आवद्ध जुनियर युवाहरूलाई मानवीय सेवाका विभिन्न गतिविधिहरूमा सहभागी गराउँदै उनीहरूको सीप र दक्षता अभिवृद्धि गरी अगाडि ल्याउने संस्थाको उद्देश्य रहेको बताउनुभयो। जलबायु परिवर्तनबाट उत्पन्न समस्यालाई सम्बोधन गर्न हाल रेडक्रसका युवाहरूबाट सञ्चालन भइरहेको परिवर्तक (द चेन्जमेकर) अभियानबाट महत्वपूर्ण योगदान पुग्ने बताउँदै अभियानको पूर्ण सफलताको कामना गर्नुभयो।

(बाँकी पृष्ठ ६ मा)

## कर्णाली र लुम्बिनी प्रदेशका गोदामघरहरू उद्घाटन



सुर्खेत, फागुन १० गते। नेपाल रेडक्रस सोसाइटी कर्णाली र लुम्बिनी प्रदेशको गोदाम घर तथा प्रदेश कार्यालय भवनको एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ।

ब्रिटिश रेडक्रसका अन्तर्राष्ट्रिय कार्यकारी निर्देशक रिचार्ड ब्लेविटले एक कार्यक्रमका बीच कर्णाली प्रदेशको भौतिक उपस्थिति र लुम्बिनी प्रदेशको भर्चुअल माध्यमबाट भवनको उद्घाटन गर्नुभएको थियो।

ब्रिटिश रेडक्रस र स्विस रेडक्रसको सहकार्यमा निर्माण सम्पन्न भवनहरूको उद्घाटन कार्यक्रममा बोल्दै ब्रिटिश रेडक्रसका अन्तर्राष्ट्रिय कार्यकारी निर्देशक रिचार्डले नेपाल रेडक्रस सोसाइटीले विपद्, महामारीजस्ता समयमा विभिन्न चुनौतीहरूका बाबजुद सरकारसँगको समन्वयमा समुदायमा पुऱ्याएको सेवा प्रशंसनीय रहेको बताउनुभयो।

उहाँले मानवीय सेवाको निरन्तरताका लागि रेडक्रसको संस्थागत क्षमतालाई दर्विलो बनाउँदै प्रदेश, जिल्ला शाखा, उपशाखा, सर्कलहरूलाई अझै अग्रसर गराउनु पर्नेमा जोड दिनुभयो।

सोही कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले नवर्निमित गोदाम घरबाट विपद् प्रतिकार्यका बेला प्रदेश तथा जिल्ला शाखाहरूलाई महत्वपूर्ण सहयोग पुग्ने बताउँदै प्रदेश कार्यालयहरूले गोदाम घरमा विपद् प्रतिकार्यका सामग्री राख्न, दक्ष जनशक्ति तयार गर्न र स्थानीय सरकारसँग प्रभावकारी समन्वय गर्न सके विपद्का समयमा हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिने बताउनुभयो।

कार्यक्रममा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ नेपालस्थित कार्यालयका प्रतिनिधि एर्वे गजेउ (Herve Gazeau) ले कर्णाली भूकम्पमा नेपाल रेडक्रसले गरेको कार्यको सबैतिरबाट प्रशंसा भएको बताउँदै नवनिर्मित भवनहरूले विपद्का क्षेत्रमा काम गर्न नेपाल रेडक्रसका प्रदेश कार्यालयहरूलाई सहयोग पुग्ने बताउनुभयो।

(बाँकी पृष्ठ ६ मा)

# सम्पादकीय

## जलवायु परिवर्तनको असर कम गर्नः "परिवर्तक" अभियान

जलवायु परिवर्तन अहिले विश्वव्यापी समस्या बन्दै गएको छ। विश्वव्यापी तापमान वृद्धिको कारण मानिएको जलवायु परिवर्तनको असरले गर्दा अतिवृष्टि, अनावृष्टि, खडेरी, वनडढेलो, हावा-हुरी, चक्रवात र हुण्डरीजस्ता प्राकृतिक प्रकोपहरू बढ्ने र दोहोरिने क्रम पनि बढिरहेको छ। नेपाल पनि जलवायु परिवर्तनका यस्ता विश्वव्यापी प्रकोप र असरहरूबाट टाढा रहन सक्दैन र यसबाट हाम्रो जीवनशैलीमा प्रत्यक्ष प्रभाव पारिरहेको देख्न सकिन्छ।

जलवायु परिवर्तनबाट उत्पन्न असरहरूलाई कम गर्न विश्व स्तरमा र स्थानीय स्तरमा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरू लागिपरेका छन्। रेडक्रस अभियानले जलवायु परिवर्तनको प्रभाव र यसले निम्त्याउने जोखिमलाई महत्वपूर्ण मुद्दाको रूपमा लिइ सम्बोधन गर्दै वकालतका साथै विभिन्न प्रयासहरु गर्दै आइरहेको छ। जलवायु परिवर्तनका असर र प्रभावलाई कम गर्न जलवायु परिवर्तन अनुकूलन (CCA) जस्ता गतिविधिहरू ग्रामीण र शहरी क्षेत्रहरूमा केन्द्रित गरेर समुदाय र युवाहरूलाई संलग्न गराई सञ्चालन गरिहरेको छ।

यस्तै गतिविधिहरूमध्ये एक हो "परिवर्तक" (The Change Maker) नामक युवा अभियान। नेपाल रेडक्रस सोसाइटीद्वारा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघको सहजीकरणमा सञ्चालन भइरहेको यस अभियानको उद्देश्य जलवायु परिवर्तनले सिर्जना गरेका समस्यासँग जुध्नको लागि युवाहरूको सिर्जनात्मक बिचार र समाधानका उपायहरूलाई उजागर गर्नु र युवाहरूलाई मानवीय गतिविधिहरूमा संलग्न गराउनु रहेको छ। डेढ वर्षअघि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस (डिसेम्बर ५) को अवसर पारेर शुरु गरिएको यस महत्वपूर्ण अभियानमा नेपालभरका १३ देखि ३० वर्ष मुनिका युवा स्वयंसेवकहरूले स्वतस्फूत सहभागिता जनाइरहेका छन्। यस क्रममा युवाहरूले जलवायु परिवर्तनको असरलाई कम गर्ने नविन विचार र समाधानका उपायहरू भिडियोमार्फत् प्रस्तुत गरेका छन्। जलवायु परिवर्तनका असरलाई कम गर्न प्लाष्टिकजन्य प्रयोगलाई रोक्ने, यसको पुनः प्रयोग गर्ने र प्रांगारिक खेतीलाई बढावा दिने लगायतका गतिविधिहरूसँग सम्बन्धित यी भिडियो सामग्रीहरूबाट जलवायु परिवर्तनको असरलाई कम गर्न र अभियानलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउन महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ।

युवाहरूलाई परिवर्तनको बाहक बनाई रेडक्रसले शुरु गरेको यो अभियानमा देशका ७ सय ५३ वटै पालिकास्थित नेपाल रेडक्रसका जुनियर युवा रेडक्रस सर्कलहरूलाई सहभागी गराई गतिविधि सञ्चालन गर्नु अति आवश्यक देखिन्छ। परिवर्तक अभियानलाई सार्थक बनाउन युवाहरूलाई नेतृत्व दिने, उनीहरूलाई संलग्न गराउने, उनीहरूका विचारलाई सहयोग गरी स्थानीय स्तरमा रहेका नविनतम सोचहरूको प्रवर्धन गर्ने बातारवरणको सिर्जना गर्नु अति आवश्यक छ। यस अभियानमा रेडक्रस अभियान, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, संयुक्त राष्ट्रसंघीय निकाय, साझेदार निकाय र युवा स्वयंसेवकहरू बीचको आपसी सहयोग, समन्वय र सहकार्यका साथै ऐक्यवद्धता र प्रतिवद्धता अझ अपरिहार्य देखिन्छ।

**प्रधान सम्पादक :** भूपतिलाल श्रेष्ठ
**कार्यकारी सम्पादक :** बिपुल न्यौपाने
**सहायक सम्पादक :** नरेन्द्र श्रेष्ठ

## आईएफआरसीका क्षेत्रीय निर्देशकबाट भूकम्प प्रभावित जिल्लाहरूको भ्रमण

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) एशिया प्यासिफिक क्षेत्रीय कार्यालयका क्षेत्रीय निर्देशक अलेक्ज्याण्डर म्याथ्युका साथ नेपाल रेडक्रस र आईएफआरसी नेपालका प्रतिनिधिहरूले कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको अवलोकन भ्रमण गर्नुभएको छ।

भ्रमणका क्रममा भूकम्प प्रभावित क्षेत्रमा भइरहेका गतिविधिहरूको प्रगति विवरणका बारेमा जानकारी लिनुका साथै भूकम्प प्रभावित परिवारहरूसँग अन्तर्क्रिया समेत गर्नुभएको थियो। साथै क्षेत्रीय निर्देशक म्याथ्युले नेपाल सरकारका प्रतिनिधिहरू र नेपाल रेडक्रसका केन्द्रीय पदाधिकारीहरूसँग पनि भूकम्प पछिको कार्य र पुनर्निर्माणको बारेमा छलफल गर्नुभएको थियो।





## जापानी रेडक्रस प्रतिनिधिद्वारा नेरेसोको भ्रमण

जापानीज रेडक्रसको विकास सहयोग डिभिजनका निर्देशक गाकु सुजिताले नेपाल रेडक्रसको भ्रमण गर्नुभएको छ। भ्रमणका क्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठ, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, विभिन्न विभागका निर्देशकलगायत कर्मचारीहरूसँग जापानीज रेडक्रस र नेपाल रेडक्रसका गतिविधिहरूका बारेमा अनुभव आदानप्रदान भएको थियो। साथै जापनीज रेडक्रससँगको लामो साझेदारी, यसले समुदायमा पारेको प्रभाव, आगामी रणनीतिहरू र साझेदारीका बारेमा छलफल गरिएको थियो।




● व्यक्ति सधैं राम्रो गुणद्वारा उच्च हुनुपर्छ। उच्च स्थानमा बसेर कुनै पनि व्यक्ति ठूलो हुँदैन – चाणक्य नीति

# शिष्टाचार भेटघाट कार्यक्रम सम्पन्न





नेपाल रेडक्रस सोसाइटीका पदाधिकारीहरू र ब्रिटिश रेडक्रसका अन्तर्राष्ट्रिय कार्यकारी निर्देशक रिचार्ड ब्लेविटसहितको ब्रिटिश रेडक्रसको टोली बीच सोसाइटीको केन्द्रीय कार्यालय काठमाडौंमा शिष्टाचार भेटघाट कार्यक्रम सम्पन्न भएको छ।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले उहाँहरूलाई खादा र मायाको चिनो प्रदान गरी स्वागत तथा सम्मान गर्नुभएको थियो।

कार्यक्रममा ब्रिटिश रेडक्रसका अन्तर्राष्ट्रिय कार्यकारी निर्देशक रिचार्डले नेपाल रेडक्रस सोसाइटी र ब्रिटिश रेडक्रस बीचको लामो साझेदारीको स्मरण गर्दै आगामी दिनमा अझ सशक्त रूपमा सहयोग पुऱ्याइने प्रतिवद्धता व्यक्त गर्नुभयो। नेपालमा पनि आगामी दश वर्षमा जलवायु परिवर्तनले खतरा निम्त्याउन सक्ने बताउँदै यस मुद्दामा पनि दुई राष्ट्रिय सोसाइटी बीच सहकार्य हुन सक्ने निर्देशक रिचार्डले बताउनुभयो। हालै कर्णाली प्रदेश कार्यालयको भ्रमण गरी फर्कनु भएका रिचार्डले रेडक्रसले समुदायमा सञ्चालन गरेका गतिविधिहरूबाट आफु प्रभावित भएको र प्रेरणा मिलेको बताउनुभयो।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक नेपालले ब्रिटिश रेडक्रसबाट नेपाल रेडक्रस सोसाइटीलाई प्राप्त विश्वास र सहयोग सराहनीय रहेको बताउँदै ब्रिटिश रेडक्रसबाट धेरै कुरा सिक्ने अवसर पनि प्राप्त भएको बताउनुभयो। अध्यक्ष नेपालले केही समयअघि संस्थामा केही समस्या देखिए पनि हालको नयाँ कार्यसमिति निर्वाचित भई आएपश्चात् साधारण सभा भई संस्था दर्ता नवीकरण हुनुका साथै विधान संशोधनका लागि सुझाव संकलन गर्ने कार्य सम्पन्न भएको बताउनुभयो। उहाँले रेडक्रस कानुन निर्माणका लागि सरकारलाई सहयोग र सहजीकरण गर्ने काम भइरहेको पनि जानकारी गराउनुभयो।

सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले नेपाल रेडक्रस सोसाइटी सरकारको सहयोगीका रूपमा रहेको र सोसाइटीबाट सञ्चालित गतिविधिहरूमा तीनै तहका सरकारको सहयोग रहने गरेको बताउनुभयो। उहाँले नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित विपद् व्यवस्थापन, स्वास्थ्य, जलवायु परिवर्तन, रक्तसञ्चार, प्राथमिक उपचारलगायतका गतिविधिहरूका साथै पछिल्लो समयमा जाजरकोट भूकम्पको प्रतिकार्यमा सबै साझेदार निकायहरूबाट प्राप्त सहयोग सराहनीय रहेको बताउनुभयो।

कार्यक्रममा सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले संस्थाको संगठनात्मक सञ्जाल, स्वयंसेवक परिचालनका साथै सेवा तथा विकासमूलक गतिविधिहरूका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो। सोही अवसरमा ब्रिटिश रेडक्रसका राजेश श्रीवास्तवले फिल्ड भ्रमणको अनुभव सुनाउँदै समुदायमा सञ्चालित गतिविधिहरू प्रभावकारी रहेको बताउनुभयो।

कार्यक्रमा नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापा, कोषाध्यक्ष बीर बहादुर बस्नेत र विभागीय निर्देशकहरूको पनि उपस्थिति रहेको थियो।

# भूकम्पश्चात सम्पन्न गतिविधिहरूको बारेमा कर्णाली प्रदेश सरकारका मन्त्रालयहरुलाई जानकारी

नेपाल रेडक्रस सोसाइटीले जाजरकोट भूकम्पपछि सम्पन्न गरेका अस्थायी आवास निर्माणलगायतका गतिविधिहरूको बारेमा कर्णाली प्रदेश सरकारका मन्त्रालयहरूलाई जानकारी गराएको छ।

कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा पुगी मन्त्री तथा सचिवलाई नेपाल रेडक्रस सोसाइटीले भूकम्प प्रभावित क्षेत्रमा गरिरहेको गतिविधिहरूका बारेमा जानकारी गराइएको थियो।

सोही क्रममा कर्णाली प्रदेशका कानुन मन्त्री कृष्ण वहादुर जि.सी.ले नेपाल रेडक्रस सोसाइटीले भूकम्पपछि रेडक्रस गरेको समन्वयात्मक भूमिका र स्वयंसेवक परिचालन, अस्थायी आवास र शौचालय, खानेपानीलगायतका क्षेत्रमा भएका गतिविधिहरूको प्रशंसा गर्नुभयो।

यस्तै प्रदेशका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री मंगलबहादुर शाहीले भूकम्पपछि नेपाल रेडक्रसले गरेको उद्धार, राहत, स्वयंसेवक परिचालनलगायतका कार्यहरू प्रशंसनीय रहेको बताउनुभयो।



भूकम्प प्रभावितहरूका लागि आयआर्जनका गतिविधिहरू सञ्चालन गर्नुपर्ने, सकेसम्म पालिका स्तरमै विपद् उद्धार सामग्री भण्डारणको व्यवस्था गर्नुपर्ने, सुरक्षित निर्माणका लागि दक्ष जनशक्ति तयार गर्नुपर्ने, स्वास्थ्य चौकी तथा विद्यालयहरू पुनर्निर्माण गर्नुपर्नेजस्ता कार्यहरूको बारेमा जानकारी गराउँदै नेपाल रेडक्रससँगको समन्वयमा काम गर्न प्रदेश सरकार तयार रहेको दुवै मन्त्रीहरूले बताउनुभयो।

कार्यक्रममा भूकम्पपछि जाजरकोट, रुकुम पश्चिम र सल्यानमा नेपाल रेडक्रस सोसाइटीले बहुउद्देश्यीय सहयोग रकम वितरण, अस्थायी आवास र शौचालय निर्माणलगायतका गतिविधिहरू गरिरहेको सोसाइटीका विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले मन्त्रालयहरूमा जानकारी गराउनुभएको थियो। साथै रेडक्रसमार्फत् भूकम्प प्रभावितहरूलाई गरिएको सहयोगका बारेमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ आईएफआरसीका नेपाल कार्यक्रम संयोजक एबें गजेउले जानकारी गराउनुभएको थियो।

भेटघाट कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव ध्रुव घिमिरे, विपद् फोकल पर्सन कृष्ण बहादुर जि.सी., भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयका सचिव विष्णु भण्डारी, नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशका अध्यक्ष लिलाराम सुवेदी, नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य सेवा विभागका उपनिर्देशक बालकृष्ण सेढाईं, सेल्टर संयोजक मनिष तिम्सिनालगायतको सहभागिता रहेको थियो।

# गण्डकी प्रदेश साधारण सभा सम्पन्न

कास्की। नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशको छैटौं साधारण सभा फागुन ६ गते पोखरामा सम्पन्न भएको छ। नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालको सभापतित्व सञ्चालित साधारण सभा उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटीका



अध्यक्ष प्राध्यापक सुदर्शन प्रसाद नेपालले रेडक्रसलाई सबैको रेडक्रस बनाउन निष्ठा र विवेकलाई आत्मसाथ गर्दै मानवीय सेवालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल रेडक्रस सोसाइटीको हालको केन्द्रीय कार्य समितिलाई संघीयताको मर्मअनुसारको समावेशी तथा सङ्घीय ढाँचा अनुकूलको संगठनअनुरूप विधानलाई परिवर्तन गर्ने गहन जिम्मेवारी रहेको बताउँदै अध्यक्ष नेपालले सबै रेडक्रसकर्मीहरूको चाहना एवं अन्तर्राष्ट्रिय रेडकसको मूल मर्मअनुसार विधानलाई संशोधन गरिने र रेडकस कानुनको निर्माण गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो।

सो कार्यक्रममा सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले परिमार्जित विधानले उपशाखा, पालिका शाखा, जिल्ला शाखा र प्रदेश शाखा एवं केन्द्रीय समितिका काम कर्तव्य अधिकारका बारेमा प्रष्ट उल्लेख गर्ने धारणा व्यक्त गर्नुभयो।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डेले न्यूनतम बजेटमा पनि अधिकतम कार्यक्रम गर्न सफल भएकोमा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशलाई धन्यवाद दिनुभयो। सो अवसरमा केन्द्रीय सदस्य दिनेश अर्याल, बाग्लुङ जिल्लाका सभापति जगन्नाथ आचार्य, कास्की जिल्ला शाखाका उपसभापति उर्मिला खड्का, युवा प्रतिनिधि सागर पौडेल लगायतका वक्ताहरूले कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो।

नेपाल सोसाइटी गण्डकी प्रदेशअन्तर्गतका ११ जिल्लाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त साधारण सभाले प्रदेशका महासचिव रामदत्त पौडेलले प्रस्तुत गर्नुभएको सांगठनिक प्रतिवेदन एवं कोषाध्यक्ष नारायणप्रसाद घिमिरेले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदनलाई पारित गर्नुका साथै १० बुँदे घोषणापत्र समेत पारित गरेको छ।

सो कार्यक्रममा नेपाल सोसाइटी स्याङ्जा जिल्ला शाखामा ३८ वर्षदेखि निरन्तर रूपमा कार्यरत शाखाका कार्यालय प्रमुख मित्रलाललम्सालजालाई सम्मान गरिनुका साथै गोरखा जिल्ला शाखाका नवनिर्वाचित सभापति भीमसेनकाजी बानिया एवं सोसाइटीलाई सहयोग गर्ने शुभ सिद्धार्थ सहकारी संस्थालाई प्रशंसा पत्र प्रदान गरिएको छ।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका उपाध्यक्ष फुलमाया गुरुङले स्वागत मन्तव्य दिनुभएको थियो। जिल्ला शाखा, प्रदेश कार्य समिति, विभिन्न समितिका संयोजक एवं सदस्यहरूको सहभागिता रहेको सो कार्यक्रममा गण्डकी प्रदेश कार्यसमितिमा रिक्त रहेको उपमहासचिव पदमा कार्यसमितिका निर्वाचित सदस्य कृष्णचन्द्र पाण्डेलाई मनोनयन गरिएको प्रदेश कार्यालयले जनाएको छ।

## जिल्ला शाखा साधारण सभाहरु सम्पन्न

नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको ५४ औं बार्षिक साधारण सभा शाखाका सभापति लालबहादुर थापाको अध्यक्षता एवं नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शन प्रसाद नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। सो कार्यक्रममा सोसाइटीका कोषाध्यक्ष बीरबहादुर बस्नेत, जिसस प्रमुख ललितबहादुर घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सुर्यप्रसाद सेढाई, नेपाल रेडक्रस सोसाइटी बागमती प्रदेशका अध्यक्ष भोलानाथ रूपाखेतीको समेत उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी बसमाडी उपशाखाले जिल्ला सभाको आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट योगदान गर्ने संस्था तथा व्यक्तिहरूलाई सम्मान एवं पुरस्कृत गरिएको थियो। सभामा जिल्ला शाखाको अघिल्लो आर्थिक वर्षको कार्यप्रगति प्रस्तुत गरिनुका साथै आगामी बर्षको कार्ययोजना र आर्थिक प्रतिवेदन पेश गरिएको थियो।

यस्तै, नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाको २९ औं जिल्ला सभा तथा अधिवेशनले नयाँ कार्य समिति चयन गरेको छ। अधिवेशनले परशुराम पाण्डेको नेतृत्वमा १७ सदस्यीय जिल्ला कार्य समिति निर्वाचित गरेको छ।

यसैगरी फागुन १५ गते नेपाल रेडक्रस सोसाइटी प्यूठान जिल्ला शाखाको ३८ औं बार्षिक साधारण सभा शाखाको आयोजना तथा बाहाने उप-शाखाको आतिथ्यतामा सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमिति सदस्य एवं प्यूठान शाखा सभापति गुमानराज पुलामी अध्यक्षता र जिल्ला समन्वय समिति प्यूठानका प्रमुख धरम बहादुर जि.सी. को प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा १८ वटै उपशाखाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।




**आफ्नो मानसिक स्वास्थ्य र कल्याणको हेरचाह गर्न यी सात सुझावहरु पालना गर्नुहोस्ः**

मनोसामाजिक प्राथमिक उपचार अभ्यास गर्नुहोस्।

आफ्ना भावनाहरूलाई नाम दिनुहोस्।

तपाईले भावनामा काम गर्नुपर्छ वा पर्दैन निर्णय लिनुहोस्।

अरूलाई र आफैलाई दया देखाउनुहोस्।

नयाँ सीप सिक्नुहोस्।

आज कसैलाई मद्दत गर्न प्रस्ताव गर्नुहोस्।

श्वाश फेर्नुहोस्।

## रक्तसञ्चार सेवा

रसुवा, फागुन ७ गते । प्रजातन्त्र दिवसको उपलक्ष्य नेपाल स्वयंसेवी रक्तदाता समाज रसुवा शाखा र कालिका हिमालय एसएलसी २०५६ ब्याचको संयुक्त आयोजनामा बृहत् रक्तदान शिविर सम्पन्न भएको छ । उक्त रक्तदान कार्यक्रममा १७ महिलासहित १०३ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको थियो ।

स्थानीय जनप्रतिनिधिहरू, स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय अध्यक्षलगायतको उपस्थितिमा सञ्चालन गरिएको उक्त रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवाको प्राविधिक सहयोग रहेको थियो ।






## प्राथमिक उपचार सेवा

बाँके । १५औं जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगितामा नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाबाट प्राथमिक उपचार सेवा प्रदान गरिएको छ ।

तीन दिनसम्म सञ्चालन भएको प्रतियोगितामा सामान्य घाइते भएका १५ जनालाई प्राथमिक उपचार र १ जना गम्भीर घाइतेलाई भेरी अस्पताल रिफर गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी बाँकेबाट प्राथमिक उपचार टिमसहित एम्बुलेन्स व्यवस्था गरिरएको थियो । प्राथमिक उपचार प्रशिक्षक प्रहलाद विश्वकर्माको नेतृत्वमा परिचालित टिममा प्राथमिक उपचार स्वयंसेवकहरू रबिन्द्र मिश्रा, मुबारक अलि सिद्दिकी, विरेन्द्र योगी, सत्तिस मिश्रा र अन्जु पाठक रहनु भएको थियो ।

## आँखा उपचार सेवा

फागुन १२ गते । नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाको आयोजनामा मोतिबिन्दु भएका आँखाका बिरामीहरूका लागि सञ्चालित दुई दिने निःशुल्क आँखा अपरेशन शिविरमा १०९ जनाको मोतिविन्दुको अप्रेशन गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी सामुदायिक आँखा उपचार केन्द्र सिन्धुलीमा सम्पन्न सो शिविर जानकी आँखा अस्पताल जनकपुरका चिकित्सक डा.आशिष बोहराले नेतृत्व गर्नुभएको प्राविधिक टोलीको सहयोगमा सम्पन्न गरिएको थियो ।

शिविर सञ्चालनमा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, जानकी आँखा अस्पताल जनकपुर द फ्रेड हलोज फाउण्डेशन, कमलामाई र दुधौली नगरपालिका, हेपिगंहयाण्डस् हेल्थ एजुकेशन बोउल्डर कोलोराडो, नेपाल रेडक्रस सोसाइटी टाँडी र रानीवास उपशाखा, खुसियाली कृषि तथा उद्यमशील सहकारी संस्थालगायतका निकायहरूको सहयोग रहेको थियो ।




**रक्तदान गर्नुहोस् ताकि अन्य मानिसहरूलाई पनि त्यसो गर्न प्रोत्साहन मिलोस् ।**

(पृष्ठको १ को बाँकी )

## जुनियर तथा युवा रेडक्रसको... ...

कार्यक्रममा बोल्दै नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले सोसाइटीले नीतिगत र कार्यक्रमगत तहमा युवाहरूको भूमिकालाई विधानमा कसरी व्यवस्थित गरेर लैजान सकिन्छ भनेर छलफल र सुझाव संकलन गरेको जानकारी गराउनुभयो ।

कार्यक्रमका सभापति एवं राष्ट्रिय जुनियर युवा समितिका संयोजक विष्णुराज नेपालले जुनियर युवा रेडक्रसको इतिहासमाथि प्रकाश पार्दै सबै जिल्लाका शिक्षण संस्था र समुदायमा जुनियर तथा युवाहरूको संलग्नतामा मानवीय सेवा प्रदान गर्ने सञ्जालको रूपमा नेपाल जुनियर युवा रेडक्रस सर्कलहरूको स्थापना, विकास र विस्तार हुँदै आएको बताउनुभयो ।

जुनियर तथा युवा रेडक्रसलाई नीतिगतरूपमा सबलीकृत गर्दै लैजाने सन्दर्भमा पहिलो पटक २०५६ सालदेखि राष्ट्रियस्तरमा जुनियर तथा युवा रेडक्रस नीति तथा कार्यप्रणाली तर्जुमा गरी कार्यान्वयनमा रहेको उहाँले जानकारी गराउनुभयो ।

सो कार्यक्रममा बोल्दै रेडक्रसको अन्तर्राष्ट्रिय महासंघका नेपाल कार्यक्रम संयोजक एर्बे गजेउले चेञ्जमेकर अभियान प्रभावकारी रूपमा सञ्चालन गरेकोमा रेडक्रसका युवाहरूलाई धन्यवाद दिँदै युवाहरूको पहल र इच्छा शक्तिको सरहाना गर्नुभयो । द चेञ्जमेकर (परिवर्तक) अभियान महासंघको सहजिकरणमा सञ्चालन भइरहेको छ ।

सो कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै नेपाल रेडक्रस सोसाइटी जुनियर युवा विभागका निर्देशक धर्मदत्त विडारीले जलबायु परिवर्तनका क्षेत्रमा रेडक्रसका युवाहरूद्वारा सञ्चालित परिवर्तक (चेञ्जमेकर) अभियानका बारेमा जानकारी गराउने, अभियानलाई देशव्यापी बनाउने र अन्य मानवीय सेवाका क्षेत्रमा युवाहरूको सहभागितालाई अझ बढाउने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो ।

सो कार्यक्रममा चेञ्जमेकर अभियान कोर टिमका सदस्य युवा सुजन खतिवडाले गत डेढवर्षदेखि अभियानद्वारा सञ्चालित गतिविधिहरूका बारेमा प्रस्तुतीकरण गर्दै जलवायु परिवर्तनको मुद्दामा युवाहरूका सिर्जनात्मक बिचारहरूलाई अगाडि ल्याउन र अभियानलाई व्यापक बनाउन प्रदेश र जिल्ला स्तरमा Y-adapt तालिमहरू सञ्चालन गरिएको जानकारी गराउनुभयो ।

कार्यक्रममा अभियानका क्रममा युवाहरूद्वारा तयार पारिएका जलवायु परिवर्तनसम्बन्धी ७ वटा भिडियोहरू प्रदर्शन गरिनुका साथै सुझावहरू संकलन गरिएको थियो । यस्तै जुनियर युवा रेडक्रसको सुदृढीकरण, स्रोत संकलन र परिवर्तक अभियानलाई रेडक्रस सञ्जालमा जोड्ने विषयहरूमा युवा प्रतिनिधि, रेडक्रसका केन्द्रीय पदाधिकारी, कर्मचारीहरू र रेडक्रसको अन्तर्राष्ट्रिय महासंघका प्रतिनिधिहरूको सहभागितामा समूहगत छलफल गरिनुका साथै निष्कर्षहरू प्रस्तुतीकरण गरिएको थियो ।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापा, केन्द्रीय सदस्यहरू नारायण तिमिल्सिना, राजेन्द्रमान ताल्चाभँडेल,



कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, उपकार्यकारी निर्देशक सुदर्शन अधिकारी, निर्देशक एवं विभागीय प्रमुख र कर्मचारीहरू, काठमाडौं उपत्यकाका जिल्ला शाखाका पदाधिकारी र सदस्यहरू, युवा प्रतिनिधिहरू र महासंघको नेपालस्थित कार्यालयका प्रतिनिधि र साझेदार राष्ट्रिय सोसाइटीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रम चेञ्जमेकर अभियानका युवा सदस्यहरू प्रतिभा दवाडी, केपी शर्मा, बन्दना पोखरेल र बिशाल थारूले संयुक्त रूपमा सञ्चालन गर्नुभएको थियो भने युथ रेडक्रस सर्कल त्रिचन्द्रकी साबित्री कडेंलले स्वागत मन्तव्य राख्नुभएको थियो ।

'म सेवा गर्छु' भन्ने मूल मन्त्रका साथ २०२१ साल फागुन २२ गतेका दिन जुनियर युवा रेडक्रसको स्थापना भएको हो । हाल देशभरमा ६ हजार ६ सय ३२ जुनियर तथा युवा रेडक्रस सर्कलमा ९ लाख ७० हजार ३ सय १० जुनियर युवा सदस्यहरू आवद्ध भई मानवीय सेवाका गतिविधिहरूमा संलग्न भइरहेका छन् ।

(पृष्ठ १ को बाँकी)

## कर्णाली र लुम्बिनी ...

ब्रिटिश रेडक्रस र नेपाल रेडक्रसको साझेदारीमा सञ्चालित गतिविधिहरूले समुदायमा पारेको प्रभाव प्रशंसनीय रहेको बताउँदै ब्रिटिश रेडक्रसका एसिया कार्यालय प्रमुख राजेश श्रीवास्तवले ब्रिटिश रेडक्रसले नेपाल रेडक्रसको संस्थागत विकासमा पनि सहयोग गरिरहेको बताउनुभयो ।

समुदायसँगै अझै नजिक रहेर काम गर्नका लागि दक्ष जनशक्ति र योजनालाई अद्यावधिक गर्दै सरोकारवालासँगको समन्वयमा जोड दिनुपर्नेमा स्विस रेडक्रसका नेपाल प्रमुख कमल वरालले जोड दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पंगेनी र कर्णाली प्रदेशका अध्यक्ष लिलाराम सुवेदीले प्रदेशका लागि गोदाम घरसँगै कार्यालयको लागि स्थान उपलब्ध भएकोमा खुशी व्यक्त गर्नुभयो । ब्रिटिश, स्विस र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयलाई धन्यवाद व्यक्त गर्दै दुवै प्रदेशका अध्यक्षहरूले प्रदेश समितिले थप समन्वय र सहकार्य गरी प्रदेशस्तरी गतिविधिहरू अगाडि बढाउने प्रतिवद्धता जाहेर गर्नुभयो ।

ब्रिटिश रेडक्रस र स्विस रेडक्रसको सहकार्यमा निर्माण भएको भवनको उद्घाटन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य रामलाल सुवेदी, ब्रिटिश रेडक्रसका नेपाल प्रमुख कृति राय, नेपाल रेडक्रस सोसाइटी विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठ, स्वास्थ्य सेवा विभागका निर्देशक मोना अर्याल, उपनिर्देशकहरू बालकृष्ण सेढाईं, जनार्दन पोखरेललगायत कर्णाली प्रदेश पदाधिकारी सदस्य र नेपाल रेडक्रस सोसाइटी कालीकोट र दैलेख जिल्ला शाखाका पदाधिकारी र सदस्यहरूको उपस्थिति रहेको थियो ।

यस्तै भर्चुअल माध्यमबाट लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पंगेनी, पदाधिकारी र सदस्यलगायतको सहभागिता रहेको थियो ।

उक्त गोदामघरहरूबाट प्रदेश कार्यालय र प्रदेशअन्तर्गतका जिल्ला शाखाहरूमा विपद् प्रतिकार्यका लागि राहत सामग्रीहरू भण्डारण गरिने छन् । हाल नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय, प्रादेशिक र उपप्रादेशिक गरी १३ वटा गोदामघरहरू रहेका छन् ।




# जुनियर तथा युवा रेडक्रस स्थापना दिवस

## राष्ट्रिय जुनियर तथा युवा समितिका सभापति श्री विष्णुराज नेपालले दिनुभएको शुभकामना सन्देश

नेपाल रेडक्रसको अभिन्न अङ्गको रूपमा रहेको जुनियर तथा युवा रेडक्रसको स्थापना २०२१ फागुन २२ तदनुसार ५ मार्च १९६५ का दिन भएको हो । नेपाल रेडक्रस तदर्थ समिति गठन (२०२० भाद्र १९) भएको १८ महिनापछि नै रेडक्रकको स्वंयसेवी भावनालाई मुर्तरूप दिन तथा मानवीय सेवा कार्यलाई मजबुत र विस्तार गर्नको लागि **" म सेवा गर्छु" (I Serve) भन्ने** मूल मन्त्रको साथ जुनियर तथा युवा रेडक्रसको स्थापना भएको पाइन्छ । श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको अध्यक्षतामा रहेको रेडक्रसको तदर्थ समितिले मौजुदा विधान अनुसार वि.सं. २०२१ साल असार २८ गते (११ जुलाई १९६४) साधारण सभा बोलाई केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न भएको थियो । सो निर्वाचनमा श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहलाई नै रेडक्रसको अध्यक्ष पदमा सर्वसम्मतिले चुन्यो र अन्य सदस्यहरूको निर्वाचन पनि सम्पन्न गऱ्यो । रेडक्रसको विधान अनुसारको निर्वाचन सम्पन्न भएको करिव ८ महिनाको अवधिमा नै स्वयंसेवी भावनालाई दिगो र भरपर्दो वनाउन जुनियर तथा युवा रेडक्रसको स्थापना भई उद्घाटन समारोहमा तत्कालीन युवराज बीरेन्द्र बिरविक्रम शाहद्वारा सवै जुनियर युवा रेडक्रस सदस्यलाई रेडक्रस झण्डा हस्तान्तरण गर्नुभएको र सो भव्य उद्घाटन समारोहमा करिव ५ हजाार विद्यार्थीहरूको उपस्थिति रहेको इतिहास छ ।

नेपालका सबै जिल्लाका शिक्षण संस्था र समुदायमा जुनियर तथा युवाहरूको संलग्नतामा मानवीय सेवा प्रदान गर्ने सञ्जालको रूपमा नेपाल जुनियर र युवा रेडक्रस सर्कलहरूको स्थापना, विकास र विस्तार हुँदै आएको छ । शुरुका दिनहरूमा रेडक्रसका मानवीय कार्यहरूलाई विस्तार र दिगो रूपमा अगाडि बढाउन स्वयंसेवकको रूपमा सहयोग गर्ने, विभिन्न जनचेतनामूलक ऱ्याली, विपद् प्रभावितहरूको लागि राहात सामग्री संकलन, स्वास्थ्य शिविर सञ्चालनजस्ता गविविधिहरूमा संलग्न जुनियर तथा युवा स्थापनाको झण्डै ३५ वर्षपछिबाट भने जुनियर तथा युवा रेडक्रसलाई नीतिगत रूपमा सबलीकृत गर्दै लैजाने सन्दर्भमा केन्द्रीय जुनियर तथा युवा रेडक्रस समितिको बैठकबाट पहिलो पटक २०५६ साल असोज १८ गते राष्ट्रियस्तरमा जुनियर तथा युवा रेडक्रस नीति तथा कार्यप्रणाली तर्जुमा गरी कार्यान्वयनमा छ । समय सापेक्ष युवाहरूको कार्यक्षेत्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भसमेतलाई दृष्टिगत गरी नेपाल रेडक्रसको राष्ट्रिय स्वयंसेवक ब्यवस्थापन नीतिसँग अनुकुलन हुने गरी २०६१ सालमा केन्द्रीय कार्यसमितिको बैठकबाट पहिलो पटक यो नीति संशोधन गरिएको थियो भने रेडक्रसको अन्तर्राष्ट्रिय महासंघको नीति, नेपाल रेडक्रसको बिधान तथा दीर्घकालीन बिकास योजनासँग अनुकुल हुने गरी राष्ट्रिय स्तरमा कार्यान्वयन गर्नका लागि दोस्रो पटक २०७३ साल माघमा यस नीतिको परिमार्जन गरी कार्यान्वयन भइरहेको छ । नेपाल रेडक्रस सोसाइटीको विधान २०२० (सत्रौं संशोधन, २०७४ सहित) को परिच्छेद २, धारा ७.३. (ङ) मा व्यवस्था भए अनुसार "नेपाल रेडक्रस सोसाइटीको अभिन्न अङ्गको रूपमा जुनियर तथा युवा रेडक्रसको सङ्गठन र सहभागिता प्रवर्द्धन गर्दै गतिविधिहरू सञ्चालन गर्ने" उल्लेख गरिएअनुसार जुनियर र युवा रेडक्रस सर्कलहरूमा आवद्ध किशोरकिशोरी र युवाहरूलाई परिचालन गरी मानवीय सेवा प्रदान गर्न एवं लाभान्वित हुन प्रोत्साहित र दिशाबोध गर्न विशेष प्राथमिकताका साथ जुनियर तथा युवाहरूलाई केन्द्रबिन्दु (Youth at the center) मा राखी कार्यहरू अगाडि बढ्दै गइरहेको छ। समय सापेक्ष रेडक्रसका विधान संशोधन हुने प्रक्रियामा पनि रहेको सन्र्दभमा रेडक्रसको संरचना अस्तित्वमा रहने सवै निकायहरूमा (पालिकादेखि राष्ट्रिय स्तरमा) युवा सञ्जालको निर्माण गरी विधिवत रूपमा केन्द्रीय स्तरमासमेत युवा परिषद् गठन गर्ने र सो परिषद्को संयोजक नेरेसो केन्द्रीय कार्यसमितिमा पदेन सदस्य रहने व्यवस्था हुने गरी व्यवस्था गर्न पैरवी भैरहेको हुँदा नीति निर्माण तहमा युवाको सहभागिता सुनिश्चितता गर्ने पहल भइरहेको छ ।

जुनियर तथा युवा कार्यक्रमलाई पुनः सवलीकरण गरेर नेपाल रेडक्रसको आठौँ विकास योजना र महासंघको युवा संलग्नता रणनीति (Youth Engagement Strategy) तथा नेपाल सरकारको युवा नीति २०७२ बमोजिम समग्र जुनियर तथा युवा कार्यक्रमलाई अनुकूलित गर्ने कार्य सम्पन्न भैसकेको र देशभर रहेका करिब ६ हजारभन्दा वढी जुनियर तथा यूवा सर्कलहरूमार्फत् सो कार्यन्वयनको तहमा रहेको छ ।



स्थापनाको ५९औ वर्ष पार गर्दै गर्दा ४१ वटा राष्ट्रिय गोष्ठीहरूको सफल रूपमा आयोजना गरी युवाको सवालहरूलाई उजागर गरिरहेको परिप्रेक्षमा यस वर्ष "विश्वव्यापी रूपमा अभिप्रेरित, स्थानीय रूपमा सशक्तिकृत : जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा" भन्ने नारा तय गरी वर्षैभरि देशव्यापी कार्यक्रम भइरहेका छन् ।

कुनै पनि संस्था, संगठनको स्थापना दिवस र जन्मदिन आफैमा गौरवशाली हुन्छ । स्थापना वा जन्मदिनपछि मात्र अस्तित्व कायम हुने हो र सबै परिस्थितिहरूको साक्षी रहेर योगदान गर्ने, इतिहास कायम गर्ने र सफलता र असफताको मापन गरी नयाँ संगठन वा पुस्ताहरूको लागि राम्रो गर्नका लागि मार्गदर्शन, उदाहरण हुने हो । रेडक्रसको आजसम्मको सफलता र यात्रामा त जुनियर युवाको अतुलनीय योगदान रहेको कुरा घामझैं छर्लङ छ र जुनियर तथा युवा रेडक्रस सर्कलमार्फत् स्वयंसेवी संगठनको स्थापना र भावनाको विकास र विस्तारमा अरुलाई समेत प्रेरणा मिलेको पाइन्छ ।

अन्त्यमा, स्वर्ण जयन्ती वर्ष समेत मनाई थप एक दशक अवधि पार गर्न लागिसकेको स्वयंसेवी भावनावाट अभिप्रेरित यस किसिमको संस्था स्थापना गर्ने दुरदृष्टी राख्नु हुने अग्रजहरूप्रति हार्दिक सम्मान गर्दै ५९ औं स्थापना दिवसको उपलक्ष्यमा आगामी दिनहरूमा युवामय देश, युवा केन्द्रीय नीति, नेतृत्व र विकासमा महत्वपूर्ण सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय रेडक्रस ।




## बिरामीको लागि रक्तसञ्चार केन्द्रबाट रगत लिइसकेपछि ध्यान दिनुपर्ने कुराहरूः

- रगत लिइसकेपछि नबिसाइकन तुरून्त अस्पताल पुऱ्याउनुहोस् ।
- टाढा लैजानु छ भने आइसबक्स भए आइसबक्स नभए अन्य थर्मसजस्तो भाँडो किन्नु होस् र बरफमा राखेर लैजानुहोस् ।
- अस्पताल पुऱ्याउने बित्तिकै रेफ्रिजरेटरमा राख्न अस्पतालका सम्बन्धित कर्मचारीलाई दिनुहोस् ।
- तपाईले लैजानु भएको रगत तुरून्त प्रयोग नभएमा रक्तसञ्चार केन्द्रमा फिर्ता ल्याउनुहोस् ।
- रगतको झोलालाई नथिच्नुहोस्, जहाँ पायो त्यहाँ नराख्नुहोस् ।

**याद गर्नुहोस् रगतमा भएको ब्लड सेल मऱ्यो भने अथवा संक्रमण भयो भने बिरामीलाई खतरा हुनसक्छ ।**

# बैशाख २१ र २२ गतेका लागि केन्द्रीय सभाको ४९औं महाधिवेशन आह्वान



काभ्रे, फागुन २९ गते । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्य समितिको ३२२औं बैठक काभ्रेको बनेपामा सम्पन्न भएको छ ।

बैठकले नेपाल रेडक्रस सोसाइटीको प्रचलित विधानमा १८ औं संशोधनको प्रस्तावित मस्यौदामा दफावार छलफल गरी केन्द्रीय सभाको आगामी महाधिवेशनमा निणयार्थ पेश गर्ने निर्णय गरेको छ ।

साथै बैठकले २०८१ बैशाख २१ र २२ गतेका लागि केन्द्रीय सभाको ४९औं महाधिवेशन आह्वान गर्ने निर्णय समेत गरेको छ ।

सोसाइटीले आगामी ४९औं महाधिवेशनमा नियमित कार्यका साथै संस्थाको विधानको अठारौं संशोधन प्रस्ताव-२०८१ छलफल तथा निर्णयार्थ पेश गर्ने भएको छ ।

## जीवन उपयोगी सीपसम्बन्धी गोष्ठी



फागुन १५ गते। नेपाल रेडक्रस सोसाइटीको आयोजनामा Life Skill and Sprint सम्बन्धी दुई दिने तालिम केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ ।

जीवन उपयोगी सीपसम्बन्धी औजारहरूको बारेमा जानकारी गराउने र यसलाई जुनियर युवा रेडक्रसका गतिविधिहरूमा एकीकृत गरी लागू गर्ने विषयमा जानकारी गराउने उद्देश्यले तालिमको आयोजना गरिएको हो । सो तालिमको शुभारम्भ कार्यक्रममा बोल्दै नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं केन्द्रीय जुनियर युवा समितिका संयोजक विष्णुराज नेपालले युवा अवस्था जीवनको ज्यादै महत्वपूर्ण अवस्था भएको बताउँदै युवाहरू आजको रेडक्रसका स्वयंसेवक र लाभग्राहीका साथै भविष्यमा संस्थाको नेतृत्व तहमा पनि पुग्ने बताउनुभयो ।

सोही कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जुनियर युवा विभागका निर्देशक धर्मदत्त बिडारीले तालिमको उद्देश्यमाथि प्रकाश पार्दै तालिमबाट जीवन उपयोगी सीप सिक्न र अन्य जिल्लाहरूमा पनि कार्यक्रम तयार गरी लागू गर्न सहयोग पुग्ने बताउनुभयो ।

तालिममा काठमाडौं उपत्यकाका जिल्ला शाखाका जुनियर युवा समितिका संयोजक, शिक्षक नायक र युवा छात्रछात्रा र सहजकर्ता गरी २६ जनाको सहभागिता रहेको थियो । नेपाल रेडक्रस सोसाइटी लमजुङ जिल्ला शाखामा काम गरी आउनुभएका डेनिस रेडक्रस र नेपाल रेडक्रसका युवाहरूले तालिममा सहजीकरण गर्नुभएको थियो ।

## मन्दिर परिसर सरसफाइ

दार्चुला, फागुन ७ गते। दार्चुलाको महाकाली नगरपालिकास्थित श्री महेन्द्र नमुना मा.वि. खलङ्गामा गठित युवा रेडक्रस सर्कलद्वारा मालीकार्जुन मन्दिर परिसरमा सरसफाइ कार्यक्रम सञ्चालन गर्नुका साथै सरसफाइ लागि ४ डस्टबिन र २ झाडु उपलब्ध गराइएको सर्कलले जनाएको छ ।



भूकम्प प्रभावित क्षेत्र जाजरकोटको रिसाङ वडा नं. २ मा समुदायको आवश्यकता पहिचानका लागि सञ्चालित परामर्श बैठक ।